नेपाल सरकार

संस्कृति ,पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय

# नयाँ विमानस्थल निर्माण सम्बन्धी मापदण्ड,२०७३

# पृष्ठभूमी

विभिन्न जिल्लाहरुमा नयाँ विमानस्थल पनिर्माणको माग दिनानुदिन बढदै गइरहेको, तर राज्यको प्रशस्त स्रोत र साधनको लगानी गरी निर्माण भएका विमानस्थलहरु विविध कारणले गर्दा संचालनमा आउन नसकी बन्द अवस्थामा रहेका, त्यस्ता विमानस्थलहरुको यथोचित संरक्षण र सम्वर्द्धन समेत हुन नसकिरहेको, विमानस्थलहरु निर्माण गर्दा वनजङ्गल क्षेत्र समेत पर्ने भएकाले वातावरण संरक्षणमा समेत समस्या आउन सक्ने देखिएको, संचालनमा रहेका कतिपय विमानस्थलहरु समेत यथोचित रुपमा प्रयोगमा आउन नसकी रहेको तथा राष्ट्र र समाजले विमानस्थलको यथोचित प्रयोग मार्फत पर्याप्त फाइदा समेत लिन नसकिरहेको वर्तमान सन्दर्भलाई मध्यनजर गरी आगामी दिनमा नयाँ विमानस्थलहरु निर्माण गर्दा आर्थिक, सामाजिक, व्यावसायिक, वातावरणीय पक्षमा समेत सबल र संभाव्य देखिने तथा दीगो रुपमा संचालनमा आउन सक्ने क्षेत्रमा मात्र विमानस्थल निर्माण गरी राज्यका सीमित स्रोत साधनको सदुपयोगमा ध्यान दिइनु आवश्यक भएकाले समेत आवश्यक र संभाव्य क्षेत्रमा मात्र विमानस्थल निर्माणको कार्यलाई प्राथमिकता दिने उद्देश्यले नयाँ विमानस्थल निर्माण सम्वन्धी मापदण्ड, २०७२ जारी गरिएको छ ।

# नयाँ विमानस्थल निर्माण सम्बन्धी मापदण्ड, २०७२

प्रस्तावना : नयाँ विमानस्थल निर्माणको लागि आवश्यकताको पहिचान भएपछि सम्भाव्यता अध्ययनका अतिरिक्त निर्माण पूर्वका चरण, निर्माण अवधि र सञ्चालन अवधिमा आवश्यक पर्ने पूर्वाधार निर्माण सम्बन्धी कार्यलाई व्यवस्थित एवं योजनाबद्ध बनाई निर्माण प्रकृयालाई मार्गनिर्देश गर्दै निर्माण पश्चात प्राविधिक रुपमा चूस्त एवं लागत प्रतिफल एकिन गरी दीर्घकालिन रुपमा विमानस्थल सञ्चालनको सुनिश्चितता हुने वातावरण सृजना गर्न बांछनीय भएकोले, नेपाल सरकारले यो मापदण्ड बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस मापदण्डको नाम नयाँ विमानस्थल निर्माण सम्बन्धी मापदण्ड, २०७२ रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकारबाट स्वीकृति भएको मितिदेखि लागू हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "मन्त्रालय" भन्नाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ ।

(ख) "प्राधिकरण" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण सम्झनु पर्छ ।

३. <u>उद्देश्य</u> : (१) यस मापदण्डको उद्देश्य देहाय वमोजिम हुनेछ :-

(१) विमानस्थल निर्माण सम्बन्धी व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुर्याउने ,

(२) प्रस्तावित विमानस्थल Safety, Security & Sustainability का दृष्टिले उपयुक्त रहे नरहेको एकिन गरेर मात्र विमानस्थल निर्माण प्रकृयाको थालनी गर्ने ,

(३) प्रस्तावित विमानस्थलको निर्माण योजना तर्जुमा, स्पष्ट लगानी व्यवस्था, एकिन निर्माण अवधि र निर्माण सम्पन्न भएपछि सेवा सञ्चालनको सुनिश्चितता गर्ने ।

४ <u>नयाँ विमानस्थल निर्माण सम्बन्धी प्रक्रिया</u>:(१) कनै व्यक्ति,समुह,संस्था वा निकायले सार्वजनिक प्रयोगको लागि विमानस्थल निमार्ण गर्ने प्रक्रिया अगाडि बढाउन चाहेमा अनुसुचि -१मा उल्लिखित कागजात संलग्न गरी अनुसूची -२ को ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम निवेदन परेमा मन्त्रालयले आवश्यक छानवीन गरी उपयुक्त देखिएमा प्राधिकरणलाई सम्बन्धित ठाउँमा प्रारम्भिक सम्भाव्यता अध्ययन गरी सिफारिश सहितको प्रतिवेदन पेश गर्न लेखी पठाउन सक्नेछ ।

(३) उपदफा (२) वमोजिमको प्रारम्भिक सम्भाव्यता अध्ययन गर्दा प्राधिकरणले देहायका विषयमा ध्यान दिनुपर्नेछ :-

(क) सम्वन्धित क्षेत्रवाट सडक यातायात पुग्ने ठाउँको दुरी (कम्तिमा ५ घण्टा),

(ख) जिल्ला सदरमुकाम नजिकको सहरी क्षेत्र सम्मको दुरी (कम्तिमा २० किलोमिटर), र पैदल जाँदा लाग्ने समय (कम्तिमा ५ घण्टा),,

(ग) उक्त क्षेत्रमा सडक यातयात पुग्न सक्ने,नसक्ने ,सडक यातयात पुऱ्याउने सम्वन्धित स्थानिय निकायको योजना,

(घ) पर्यटकिय सम्भावना (हाल विद्यमान र संभावित),

(ङ) मौसमको अवस्था र उडानमा पर्न सक्ने असर,

(च) नजिकको विमानस्थलको दुरी,

(छ) यात्रु तथा व्यावसायिक दृष्टिकोणले विमानस्थल सञ्चालनमा आउन सक्ने वा नसक्ने अवस्था,

(ज) धावनमार्ग र विमानस्थलको अन्य आवश्यक संरचना बनाउने क्षेत्रको अवस्थिति,

(झ) धावनमार्गमा सहज हिसावले वायुयान अवतरण/उडान (Obstacles/Go around/Overshoot) गर्न सक्ने नसक्ने,

(ञ) कुन क्षमताको वायुयानको लागि उपयुक्त विमानस्थल वन्न सक्ने,

(ट) जग्गा प्राप्तिको सम्भाब्यता (निजी, सार्वजनिक, वन क्षेत्र आदि),

(ठ) जग्गाको भौगोलिक र धरातलीय अवस्थाा,

(ड) अनुमानित लागत ,

(ढ) सामाजिक ,आर्थिक, पर्यटकियमध्ये कुन दृष्टिकोणले विमानस्थल आवश्यक र उपयुक्त हुन्छ ?

(ण) विमानस्थल निर्माणबाट लाभान्वित हुने गा. वि. स./न. पा./जिल्ला र जनसँख्या

(त) जिल्लामा अन्य विमानस्थल भए नभएको अवस्था

(४) उपदफा (३) वमोजिमको विषय समेतलाई ध्यानमा राखी तयार गरिएको प्रारम्भिक सम्भाव्यता अध्ययनको प्रतिवेदनमा प्राधिकरणले विमानस्थल निर्माण गर्न हुने नहुने सम्बन्धमा स्पष्ट धारणा उल्लेख हुने गरी मन्त्रालय पठाउनु पर्नेछ ।

(५) उपदफा (४) वमोजिमको प्रारम्भिक सम्भाव्यता अध्ययनको प्रतिवेदन प्राप्त भएपछि मन्त्रालयले आवश्यक छानविन गरी उपयुक्त देखिएमा विमानस्थल निर्माणको लागि सैद्धान्तिक स्वीकृति दिन सक्नेछ ।

(६) उपदफा (५) वमोजिमको सैद्धान्तिक स्वीकृति भएपछि मन्त्रालयले विस्तृत सम्भाव्यता अध्ययन गर्न गराउन सक्नेछ ।

## अनुसूची - १

(दफा ४ को उपदफा (१)संग सम्बन्धित)

१. स्थानीय निकाय (गा. वि. स./नगरपालिका तथा जि. वि. स.) बाट पारित भई निर्माणका लागि सिफारिश ।

२. स्थानीय निकायको सिफारिश साथ देहायबमोजिमको विवरण समेत संलग्न हुनुपर्ने छ :-

क) वन क्षेत्र पर्ने भए वन कार्यालय/वन उपभोक्ता समिति आदि निकायको जग्गा उपलब्ध गराउने सहमति ,

ख) विमानस्थललाई आवश्यक पर्ने जग्गाको केही अँश स्थानिय तवरबाट नि:शुल्क उपलब्ध गराउने प्रतिवद्धता ,

ग) विमानस्थल आवश्यकताको पुष्ट्याईं ,

घ) स्थानिय राजनीतिक संयन्त्र/जनप्रतिनिधिहरुको सिफारिस ,

ङ) विमानस्थलबाट स्थानीय समुदायलाई पुग्ने सकारात्मक प्रभावहरुको विश्लेषणत्मक विवरण (लाभान्वित जनसंख्या, पर्यटकीय गतिविधि, आर्थिक तथा व्यापारिक प्रभाव आदि),

च) व्यवसायिक संघ संस्थाहरुको सिफारिस ,

छ) विमानस्थल निर्माण लागतको कम्तिमा निश्चित प्रतिशत स्थानिय स्तरबाट लगानी गरिने प्रतिवद्धता ।

अनुसूची - २

(दफा ४ को उपदफा (१)संग सम्बन्धित)

# निवेदनको ढाँचा

१. विमानस्थलको नाम (प्रस्तावित) :...............................................................................

२. स्थान :

संघिय राज्य : ...............................................................................

जिल्ला :- ........................न.पा./गा.वि.स.:- ........................ वडा नं. :- ...............

३. लाभान्वित हुने जनसंख्या :- ...............................................................................

४. लाभान्वित हुने जिल्लाहरु :-...............................................................................

५. लाभान्वित हुने न.पा./गा.वि.सहरु.:- ...............................................................................

६. सदरमुकामबाट दूरी (कि.मि./घण्टा) :- ...............................................................................

७. प्रतावित स्थानमा पर्ने जग्गाको विवरण (√ चिन्ह लगाउनुहोस) :-

सार्वजनिक ☐ निजी ☐ वन क्षेत्र ☐ खेती योग्य जमीन ☐ अन्य ...............

८. विमानस्थलको प्रकार :- (√ चिन्ह लगाउनुहोस)

धार्मिक ☐ सामाजिक ☐ पर्यटकीय ☐ व्यावसायिक ☐ अन्य ...............

९. अनुसूची - १ बमोजिमको सम्पूर्ण काजगात संलग्न छ/छैन ? :- (√ चिन्ह लगाउनुहोस)

| | | |
|---|---|---|
| (क) स्थानीय निकायको सिफारिश | छ ☐ | छैन ☐ |
| (ख) वन कार्यालय/उपभोक्ता समितिको सहमती | छ ☐ | छैन ☐ |
| (ग) आवश्यक पर्ने जग्गाको केही अंश स्थानिय तवरबाट निशुल्क उपलब्ध गराउन प्रतिवद्धता | छ ☐ | छैन ☐ |
| (ङ) विमानस्थल आवश्यकताको पुष्ट्याई | छ ☐ | छैन ☐ |
| (च) स्थानिय राजनीतिक संयन्त्र/जनप्रतिनिधिको सिफरिश | छ ☐ | छैन ☐ |
| (छ) स्थानीय समुदायलाई पुग्ने सकारात्मक प्रभावको विश्लेषण | छ ☐ | छैन ☐ |
| (ज) व्यवसायिक संघ संस्थाहरुको सिफारिश | छ ☐ | छैन ☐ |
| (झ) केही प्रतिशत स्थानिय स्तरबाट लगानी गरिने प्रतिवद्धता | छ ☐ | छैन ☐ |

१०. विमानस्थल आवश्यक हुनाको कारण :...............................................................................

...............................................................................

...............................................................................

...............................................................................

निवेदक :- ...............................................

पद :-...............................................

ठेगाना :- ...............................................

सम्पर्क नं. :- ...............................................

हस्ताक्षर :- ...............................................